प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं.प्र.०८३/८४
च.नं.

मितिः २०८३/०५/११

## विधेयकको मस्यौदा उपर मार्फत राय, सुझाव तथा पृष्ठपोषण संकलन सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/११-२०८३/०५/१७ सम्म)

कोशी प्रदेशमा युवाहरूको क्षमता विकास, सीप र प्रविधिमैत्री शिक्षा, रोजगारी, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गर्दै प्रदेशको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विकासको मूल प्रवाहमा उनीहरूलाई सक्रिय रूपमा सहभागी गराउन र युवाहरूको हक, अधिकार तथा हितको संरक्षण गर्न **"कोशी प्रदेश युवा परिषद् (गठन तथा सञ्चालन) ऐन, २०८३"** को मस्यौदा तयार पारिएको छ।

उक्त प्रस्तावित विधेयकलाई थप व्यावहारिक, सर्वस्वीकार्य र समृद्ध बनाउन कोशी प्रदेशका सम्पूर्ण युवाहरू, युवा क्लब, नागरिक समाज, युवा संघ-संस्था, स्थानीय तहका पदाधिकारीहरू, विज्ञहरू तथा सरोकारवालाहरूबाट रचनात्मक राय, सुझाव तथा पृष्ठपोषण सङ्कलन गर्न आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ।

मन्त्रालयको वेवसाईट **mosd.koshi.gov.np** मा रहेको हाम्रो सेवाहरू खण्डको *कोशी प्रदेश युवा परिषद् (गठन तथा सञ्चालन) विधेयक मस्यौदामा सूझाव सङ्कलन फाराम* वा ***QR*** बाट **Scan** गरी सुझाव पेश गर्न सक्नु हुनेछ।)

